# यात्रा प्रतिबन्ध सम्बन्धी अद्यावधिक जानकारी

*यो मार्गदर्शन जनवरी ५, २०२६ देखि लागू हुनेछ र आवश्यकताअनुसार परिवर्तन हुन सक्नेछ।*

## ट्राभल ब्यान (Travel Ban) भनेको के हो?

जुन २०२५ मा राष्ट्रपति ट्रम्पले आदेश जारीगर्दै संयुक्त राज्य अमेरिकालाई विदेशी आतंकवादी तथा अन्य राष्ट्रिय सुरक्षा र सार्वजनिक सुरक्षासम्बन्धी खतराबाट जोगाउने उद्देश्यले १९ देशका नागरिकहरूलाई अमेरिकामा प्रवेशका लागि भिसा प्राप्त गर्न प्रतिबन्ध लगाए। त्यसपछि डिसेम्बर २०२५ मा उनले अर्को आदेशमार्फत अमेरिकामा प्रवेश गर्न प्रतिबन्धित देशहरूको सूची विस्तार गरे केही देशका हकमा सबै नागरिकहरूलाई प्रतिबन्ध लगाइएको छ भने, अन्य केही देशका हकमा निश्चित भिसा श्रेणीका लागि आवेदन दिने व्यक्तिहरू मात्र प्रतिबन्धित छन्। तर, अमेरिकामा पहिले नै निश्चित कानुनी हैसियत (legal status) भएका व्यक्तिहरू र विशेष कारणका लागि भिसा आवेदन गर्ने व्यक्तिहरूका लागि केही अपवादहरू तोकिएका छन्। महत्वपूर्ण रूपमा, ०१/०१/२०२६ भन्दा अघि जारी भइसकेका वैध भिसा भएका व्यक्तिहरूलाई अमेरिका प्रवेश गर्न अनुमति हुनेछ।

## ट्राभल ब्यान अन्तर्गत कुन-कुन देशका नागरिकहरूलाई अमेरिका प्रवेश वा भिसा प्राप्त गर्न प्रतिबन्ध लगाइएको छ?

| तल उल्लेखित देशका नागरिकहरू यदि आप्रवासी (Immigrant) भिसा वा गैर-आप्रवासी (Non-immigrant) B-1, B-2, B-1/B-2 (पर्यटक), F (विद्यार्थी), M (व्यावसायिक तालिम), तथा J (सांस्कृतिक आदान-प्रदान) भिसा का लागि आवेदन गरिरहेका छन् भने, उनीहरूलाई प्रतिबन्ध लगाइएको छः | तल उल्लेखित देशका नागरिकहरू कुनै पनि प्रकारको भिसा प्राप्त गर्न खोजेमा प्रतिबन्ध लगाइएको छः |
|---|---|
| • एङ्गोला<br>• एन्टिगुवा र बार्बुडा<br>• बेनिन<br>• बुरुन्डी<br>• कोट दिभ्वार<br>• क्युबा<br>• डोमिनिका<br>• गाबोन<br>• गाम्बिया<br>• मलावी<br>• मोरिटानिया<br>• नाइजेरिया<br>• सेनेगल<br>• तान्जानिया<br>• टोगो<br>• टोंगा<br>• तुर्कमेनिस्तान<br>• भेनेजुएला<br>• जाम्बिया<br>• जिम्बाब्वे | • अफगानिस्तान<br>• बुर्किना फासो<br>• बर्मा (म्यानमार)<br>• चाड<br>• कङ्गो गणतन्त्र (ब्राजाभिल)<br>• इक्वेटोरियल गिनी<br>• एरिट्रिया<br>• हाइटी<br>• इरान<br>• लाओस<br>• लिबिया<br>• माली<br>• नाइजर<br>• सिएरा लियोन<br>• सोमालिया<br>• दक्षिण सुडान<br>• सुडान<br>• सिरिया<br>• यमन<br>• प्यालेस्टिनी प्राधिकरणद्वारा जारी गरिएको यात्रा कागजात प्रयोग गरी यात्रा गर्ने व्यक्ति |

## के ट्राभल ब्यानमा कुनै अपवादहरू छन्?

| अमेरिकामा प्रवेश गर्न खोज्ने केही वर्गका व्यक्तिहरूलाई भिसा/यात्रा प्रतिबन्धबाट छुट (अपवाद) दिइएको छ। तीमध्ये निम्न व्यक्तिहरू समावेश छन्: | यसका अतिरिक्त, निम्न व्यक्तिहरूमा ट्राभल ब्यान लागू हुँदैनः |
|---|---|
| • अमेरिकी नागरिकहरू<br>• वैध स्थायी बासिन्दा (LPRs, अर्थात् ग्रिन कार्ड धारकहरू)<br>• दोहोरो नागरिकता (Dual Citizenship) भएका व्यक्तिहरू<br>• इरानका केही धार्मिक तथा जातीय अल्पसंख्यक समुदायका व्यक्तिहरू<br>• केही कूटनीतिज्ञ (Diplomats) र खेलाडीहरू | • शरणार्थी (Refugees), आश्रयार्थी (Asylees), वैध स्थायी बासिन्दा (LPRs) तथा वैध भिसाका आधारमा अमेरिकामा रहेका व्यक्तिसहित, अमेरिकामा पहिले नै कानुनी हैसियत प्राप्त गरिसकेका सबै व्यक्ति।<br>• अमेरिका बाहिर रहेका तर पहिले नै स्वीकृत तथा वैध भिसा भएका व्यक्ति, वा जनवरी १, २०२६ भन्दा अघि भिसा जारी भइसकेका व्यक्ति। |

## यदि म अमेरिकामा छु र आश्रय (Asylum) वा स्थायी बासिन्दा (LPR/Greencard) स्थिति प्राप्त गर्न आवेदन दिइरहेको छु भने के हुन्छ?

ट्राभल ब्यान अमेरिकामा पहिले नै रहेका र आप्रवासन लाभ (Immigration benefit) जस्तै आश्रय (Asylum) वा स्थायी बासिन्दा (Adjustment of Status) का लागि आवेदन दिने व्यक्ति हरूमाथि लागू हुँदैन।तर, USCIS ले ट्राभल ब्यान लागू भएका देशका सबै शरणार्थी र व्यक्तिहरूका लागि आश्रय (Asylum) आवेदन र स्थायी बासिन्दा (Green Card) आवेदन प्रक्रिया अस्थायी रूपमा रोक लगाएको छ।

## म शरणार्थी हुँ। के मेरो जीवनसाथी/बालबालिका I-730 (Refugee/Asylee Relative Petition) मार्फत अमेरिका आउन सक्छन्?

ट्राभल ब्यानले शरणार्थी जीवनसाथी र बच्चाहरूलाई अमेरिका प्रवेश अनुमति दिने वा नदिने स्पष्ट जानकारी दिएको छैन।तर, अधिकांश शरणार्थी प्रक्रिया अर्को सरकारी आदेश अन्तर्गत अस्थायी रूपमा रोकिएको हुँदा, हाल धेरै देशका शरणार्थीहरूका लागि अमेरिका प्रवेश सम्भव छैन।

**म आश्रयार्थी (Asylee) हुँ। के मेरो जीवनसाथी/बालबालिका I-730 (Refugee/Asylee Relative Petition) मार्फत अमेरिका आउन सक्छन्?**

ट्राभल ब्यानले अस्वीकृत देशका आश्रयार्थी जीवनसाथी र बच्चाहरू जसका आवेदन स्वीकृत भइसकेका छन्, उनीहरूलाई अमेरिका प्रवेश अनुमति दिइने कि नदिइने स्पष्ट उल्लेख गरेको छैन।

तर, अलग सरकारी आदेश अन्तर्गत, सबै ट्राभल ब्यान लागू देशका आश्रयार्थीहरूको पेंडिङ (Pending) आवेदन प्रक्रिया अस्थायी रूपमा रोकिएको छ। ट्राभल ब्यान लागू नभएका देशका derivative आश्रयार्थीहरूको अमेरिका यात्रा प्रक्रिया भने जारी रहन सक्छ।

**यदि म अमेरिकी नागरिक वा LPR (ग्रिन कार्ड धारक) हुँ भने, के मेरो जीवनसाथी, बच्चा वा अभिभावक ट्राभल ब्यान लागू देशका भए पनि अमेरिका आउने भिसाका लागि आवेदन दिन सक्छन्?**

होइन। डिसेम्बरको ट्राभल ब्यान आदेशअनुसार, अमेरिकी नागरिक वा LPR का सम्बन्धीहरूका लागि कुनै अपवाद छैन।

**विशेष आप्रवासी भिसा (Special Immigrant Visa) का लागि आवेदन दिने अफगानहरू ट्राभल ब्यानबाट अझै छुट पाउँछन् कि?**

होइन। डिसेम्बरको ट्राभल ब्यान आदेशअनुसार, विशेष आप्रवासी भिसा खोज्ने अफगानहरूले अब भिसा प्राप्त गर्न सक्दैनन्।

**म वा मेरो अमेरिका बाहिर रहेका सम्बन्धीबारे प्रश्न छ। कहाँ सहयोग पाउन सक्छु?**

यदि तपाईंले अझै नगरेको भए, आप्रवासन कानूनी सेवा प्रदायक (Immigration Legal Service Provider) सँग परामर्श लिनुहोस्।

सहयोगका लागि यहाँ हेर्न सक्नुहुन्छ: https://www.immigrationadvocates.org/legaldirectory/ वा यहाँ:https://ailalawyer.com/